मितिः २०८३/०५/०९
समयः विहान ११:०० बजे
स्थानः बडीकेदार गाउँपालिकाको सभाहल
बैठक संख्याः ८६

यस बडीकेदार गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री भैरव बहादुर साउँदज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | भैरव बहादुर साउँद | अध्यक्ष | | |
| २ | डम्मरी कुमारी बिष्ट कलेल | उपाध्यक्ष | | |
| ३ | डबल बहादुर बोहरा | कार्यपालिका सदस्य | | |
| ४ | प्रेम बहादुर घर्तीमगर | कार्यपालिका सदस्य | | |
| ५ | राम बहादुर गुरुङ | कार्यपालिका सदस्य | | |
| ६ | कर्ण बहादुर जेठरा | कार्यपालिका सदस्य | | |
| ७ | पदम सिं बोहरा | कार्यपालिका सदस्य | | |
| ८ | पदमा देवी जेठरा | कार्यपालिका सदस्य | पदमा | |
| ९ | तारा कुमारी नाम्जाली | कार्यपालिका सदस्य | तारा | |
| १० | निर्मला देवी बोहरा | कार्यपालिका सदस्य | निर्मला | |
| ११ | कुमारी दमाई | कार्यपालिका सदस्य | | |
| १२ | अमर बहादुर कामी | कार्यपालिका सदस्य | | |
| १३ | प्रेम बहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४ | लक्ष्मी दत्त भट्ट | सचिव | | |
| आमन्त्रित सदस्यहरु | | | | |
| १ | सुरज प्रसाद्व जोशी | प्रशासकीय अधिकृत | | |

प्रस्तावहरुः

१. राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त पत्रको जानकारी तथा समिति गठन सम्बन्धमा ।
२. कृषिको पकेट क्षेत्र निर्धारण गर्ने सम्बन्धमा ।
३. आयुर्वेदको शाखा कार्यालयमा कायम गरी सेवा केन्द्र विस्तार गर्ने सम्बन्धमा ।
४. गाउँपालिका प्रशासकीय भवनको म्याद असोज मसान्तसम्म थप गर्ने ।
५. शिक्षा क्षेत्रको विपद् प्रतिकार्य योजना स्वीकृत गर्ने सम्बन्धमा ।
६. दश वर्षे शिक्षा योजना अद्यावधिक गर्ने सम्बन्धमा ।
७. अस्थायी शिक्षकहरुको तलबी प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
८. कार्यसम्पादन करार सम्झौता सम्बन्धमा ।
९. सेवा प्रवाह सम्बन्धी जानकारी ।
१०. LGPAS मा प्रविष्ट भएका कागजात बारे जानकारी ।
११. योजनाको शीर्षक परिमार्जन सम्बन्धमा ।
१२. प्रदेश सरकारसँग बाख्रापालन तथा भैसीपालन कार्यक्रम माग गर्ने सम्बन्धमा ।
१३. विविध ।

निर्णयहरुः

१. राष्ट्रिय मानव अधिकार आयोग, धनगढी, कैलालीको पत्र संख्या २०८३/०८४ च.नं. ७४ मिति २०८३/०५/०२ गतेको पत्रानुसार मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (२०८३/०८४-२०८७/८८) स्वीकृत भइसकेको र सो कार्ययोजनाको ४.२.४ मा स्थानीय तह समन्वय समितिको व्यवस्था रहेकोमा उक्त समिति यथाशीघ्र गठन गरी जानकारी पठाउने सम्बन्धमा निर्देशन प्राप्त भएको हुँदा उक्त विषयक्षेत्र सम्बन्धमा आवश्यक कार्य गर्न देहायबमोजिमको एक स्थानीय तह समन्वय समिति गठन गर्नेः

देहायः

क) गाउँपालिका अध्यक्ष श्री भैरव बहादुर साउँद – संयोजक
ख) उपाध्यक्ष श्री डम्मरी कुमारी विष्ट कलेंल – सदस्य
ग) वडा अध्यक्ष श्री डबल बहादुर बोहरा – सदस्य

घ) वडा अध्यक्ष श्री प्रेम बहादुर घर्तीमगर – सदस्य

ङ) वडा अध्यक्ष श्री राम बहादुर गुरुङ्ग – सदस्य

च) वडा अध्यक्ष श्री कर्ण बहादुर जेठारा – सदस्य

छ) वडा अध्यक्ष श्री पदम सिंह बोहरा – सदस्य

ज) मानव अधिकार हेर्ने (प्रशासकीय अधिकृत) श्री सुरज प्रसाद जोशी - सदस्य

झ) नागरिक समाजका प्रतिनिधि श्री प्रकाश थापा - सदस्य

ञ) नागरिक समाजका प्रतिनिधि श्री प्रेम देउवा - सदस्य

ट) नागरिक समाजका महिला प्रतिनिधि श्री ललिता ताडी - सदस्य

ठ) इलाका प्रहरी कार्यालय, विपीनगरका का.प्र. – सदस्य

ड) प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी दत्त भट्ट – सदस्य-सचिव

साथै, उक्त समितिले मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना (२०८३/०८४-२०८७/८८) बमोजिम समितिलाई प्राप्त निर्देशनको पालना गर्ने ।

२. उच्च मूल्य कृषि वस्तु उत्थानशील कार्यक्रम (R-HVAP) परियोजना अन्तर्गत वडा नं. ३, ४ र ५ लाई पकेट क्षेत्र निर्धारण गरिएकोमा उक्त क्षेत्रमा अदुवा/वेसार, बाख्रा र सुन्तलाजात फलफुल गरी तीन बाली छनोट गर्ने । साथै सम्वन्धित वडा अन्तर्गतका पकेट गाउँ/वस्ती देहाय बमोजिम छनोट गर्नेः

<u>देहायः</u>

| वडा नं. | छनोट भएको बाली | छनोट गरिएका गाउँ/वस्तीहरु |
|---|---|---|
| ३ | अदुवा/बेसार, बाख्रा र सुन्तलाजात फलफुल | जैशीवाज, विठारा, घाङ्गल, कटगाउँ, रक्साना, गैमडा, पाल्सैनी |
| ४ | अदुवा/बेसार, बाख्रा र सुन्तलाजात फलफुल | आलिबाटा, रनुकाडाँ, टिमुट टिमुटेपानी, रोल/लोखड, खेताली, जुनी, भुजेली |
| ५ | अदुवा/बेसार, बाख्रा र सुन्तलाजात फलफुल | बयालगाउँ, थानकोट, सिराडा, कापडा, कराल, दुधिला, भुनेसैन, अत्तरकाडा |

३. बडीकेदार गाउँपालिकाको वडा नं. ५ मा रहेको आयुर्वेद औषधालयलाई सेवा केन्द्रको रुपमा परिणत गरी सञ्चालन गर्ने र गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा आयुर्वेद शाखा स्थापना गर्ने ।

४. बडीकेदार गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको म्याद २०८३ असार मसान्तसम्म मात्रै कायम रहेकोमा सम्बन्धित निर्माण व्यवसायी (श्रीपुर कालापानी जे.भी.) ले निर्माण कार्य सम्पन्न गर्ने म्याद थप भएको बैङ्क ग्यारेण्टी, कार्ययोजना र थप आर्थिक व्यवभार दाबी नगर्ने प्रतिवद्धता सहित २०८३ असोज मसान्तसम्मको लागि उक्त योजनाको म्याद थप गरिदिन हुन भनि यस कार्यालयमा निवेदन पेस गरेकोले उक्त योजनामा सम्पन्न हुन बाँकी कार्य गर्नका लागि थप आर्थिक व्यवभार दावी नगर्ने शर्तमा उक्त निर्माण कार्यको म्याद २०८३ असोज मसान्तसम्मका लागि थप गर्ने ।

५. शिक्षा क्षेत्रमा पर्न सक्ने सम्भावित विपदबाट अध्ययन अध्यापन कार्य लगायत भौतिक तथा मानवीय क्षतिबाट प्रभावित नहोस् भन्नका लागि बहुउद्देश्यीय विकास समाज, डडेल्धुरा र बडीकेदार गाउँपालिका, डोटीको साझेदारीमा संचालित बृहत विद्यालय सुरक्षा योजना परियोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा मिति २०८३/०१/२३ गते तयार पारिएको **'शिक्षा क्षेत्रको विपद् प्रतिकार्य योजना, २०८३'** स्वीकृत गरी लागू गर्ने ।

६. गाउँपालिकाको शैक्षिक सुधार तथा दीर्घकालीन विकासका लागि बडीकेदार गाउँपालिकाले तयार गरेको दश वर्षे शिक्षा क्षेत्र योजना (२०८१-२०९०) लाई बदलिदो सामाजिक, साँस्कृतिक, आर्थिक तथा शैक्षिक अवस्था अनुरुप अद्यावधिक गरेको शिक्षा योजना २०८३/०८४-२०९३/०९४ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने ।

७. यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा कार्यरत अस्थायी, राहत, बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र पालिकाले नियुक्त गरेका शिक्षकहरूको पेस भएको तलवी प्रतिवेदन नियमानुसार स्वीकृत गर्ने ।

८. गाउँपालिका अध्यक्ष श्री भैरव बहादुर साउँदले प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी दत्त भट्टसँग आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा कार्यसम्पादन सम्झौता गर्ने कार्य सम्पन्न भयो । साथै, प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मी दत्त भट्टसँग सबै शाखा प्रमुखहरुले आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा कार्यसम्पादन सम्झौता गर्ने कार्य सम्पन्न भयो ।

९. गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र मातहतका वडा तथा स्वास्थ्य संस्थाहरुबाट प्रवाह भइरहेको सेवाका बारेमा विस्तृत छलफल गरियो । साथै सेवा प्रवाहको गुणस्तरीयताका सम्बन्धमा आवश्यक सुधार निरन्तर गर्ने र विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह प्रक्रियाको मापदण्ड (SOP) स्वीकृत गरी लागू गर्ने ।

१०. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) मा गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि पेस गरेको कागजातका बारेमा छलफल गरियो ।

११. जलवायू परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत वडा नं. ४ मा प्रस्तावित खानेपानी तथा सरसफाई योजनाको नाम चेडीखोला खानेपानी तथा सरसफाई योजना रहेकोमा उक्त योजनाको नाम भराणकट्टे खानेपानी तथा सरसफाई योजना नामाकरण गर्ने परियोजना व्यवस्थापन समिति (PMC) को मिति २०८३ असार ०९ गतेको निर्णय अनुमोदन गर्ने ।

१२. सुदूरपश्चिम प्रदेश सरकारसँग बडीकेदार गाउँपालिकाको लागि बाख्रापालन कार्यक्रम माग गरिएकोमा उक्त कार्यक्रममा थप भैसीपालन कार्यक्रम समेत माग गर्ने ।

१३. विविध निर्णयहरु:

१. आफ्नो क्षेत्राधिकार बाहिर करारोपण नगर्ने प्रतिबद्धता व्यक्त गर्ने । साथै करको दायरा विस्तार गर्ने र अनुगमन कार्यलाई तीव्रता दिने ।

२. गत आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा सम्पन्न गरियो । कार्यालयको सेवा प्रवाह सन्तोषजनक रहेको पाइयो । साथै थप सुधारका कार्य निरन्तर गर्दै आन्तरिक नियन्त्रण प्रणालीको पालना गर्न जिम्मेवार सबैबाट प्रतिबद्धता व्यक्त भयो ।

३. आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेटमा कुनै पनि खर्च शीर्षकमा अबण्डा बजेट नराखिएको र नियमानुसार Break down गरी कार्यान्वयन गरिने सन्दर्भमा आवश्यक जानकारी गरियो ।

४. पाँच वटै वडा कार्यालयहरुको लागि एक/एक वटा Iris device (Biometric verification का लागि आवश्यक) कार्यालयको मेसिनरी औजार मर्मत सम्भार तथा संचालन खर्च शीर्षकबाट भुक्तानी हुने गरी खरिद गर्ने ।